मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ | अंक २८८ | २०८२ साल भाद्र २६ गते बिहीबार | Thursday 11, September 2025 | सूर्योदयः बिहान ५:४९ बजे | सूर्यास्त: साँझ ६:१४ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## सर्वोच्चसहित १७ अदालतमा आगजनी, १० प्रतिशत फाइल नष्ट

**मधेशदृष्टि**
**काठमाडौं ।**
मंगलबार राजधानीसहित देशका विभिन्न स्थानमा भएको प्रदर्शनका क्रममा १७ वटा अदालतमा आगजनी तथा तोडफोड भएको छ । सर्वोच्च प्रशासनका अनुसार, जसमध्ये १० वटा जिल्ला अदालतमा आगजनी भएको छ । सर्वोच्च अदालतका प्रवक्ता अर्जन कोइरालाले सर्वोच्चमा भने १० प्रतिशत फाइल बाहेक चालु अवस्थामा रहेका सबै फाइल जलेर खरानी भएको बताए । प्रदर्शनका क्रममा काठमाडौँ, चितवन, कास्की, सप्तरी, बाँके, रुपन्देही, पर्सा, मकवानपुर, कपिलवस्तु जिल्ला अदालतहरूमा आगजनी भएको छ । साथै, उच्च अदालतहरूमा समेत तोडफोड र आगजनी भएको जानकारी प्राप्त भएको छ । यसमा तुलसीपुर–बुटवल इजलास, विराटनगर, जनकपुर अस्थायी इजलास, राजविराज, हेटौँडा उच्च अदालतहरू रहेका छन् । सर्वोच्च अदालत प्रशासनका अनुसार हालैको घटनापछि सर्वोच्चको एनेक्स भवनबाट मात्र चार वटा इजलास सञ्चालन गर्न सकिने अवस्था रहेको छ ।बाँकी इजलासहरू कहाँ सञ्चालन गर्ने भन्नेबारे छलफल जारी रहेको छ । कोइरालाले भने, 'चालु अवस्थामा रहेको मुद्दाका करिब ९० प्रतिशत फाइल नष्ट भएकाले इजलास कसरी सञ्चालन गर्ने भन्नेबारे पनि छलफल भइरहेको छ ।' हाल सर्वोच्च प्रशासनले क्षतिको पूर्ण विवरण तयार गर्दै प्रभावित मुद्दाहरूको व्यवस्थापनका लागि योजना बनाइरहेको छ ।

# आन्दोलन सकियो, लुटपाट चलिरह्यो
# जेलबाट भाग्न खोज्ने ६ जना गोलीले ढले



**मधेशदृष्टि**
**वीरगंज ।**
सोमबार शुरु भएको जेनजी पुस्ताको आन्दोलनमा भएको घुसपेठले सिंगो देशको संरचना ध्वस्त भएको छ । मंगलबार देशभर राजनीतिक दलका नेताहरुको निवास र सिंहदरबार, सर्वोच्च अदालतदेखि प्रदेश सरकार, पार्टी कार्यालय र नेताको घर छानिछानी आगो लगाउने स्वार्थ समूह बुधबार पनि उस्तै क्रान्तिकारी बनेर लुटपाटमा उत्रिएपछि जेलमा कैदीबन्दी जीवन बिताइरहेकाहरुको आन्दोलनमा सेना अघि सर्दा दुई जिल्लामा गोली नै चलाउनु परेको छ । यसरी गोली चलाउँदा जेलबाट भागेर घर जान खोज्ने ६ जना कारागारबाट मुक्त त भए तर घर जान पाएनन्, उनीहरुको मृत्युवरण भएको छ ।
यता, बुधबार सेना परिचालन हुँदा पनि लुटपाट गर्न गर्न तम्सने घुसपेठियाहरुले कतै जनताको धोबिधुलाइ भेटेका छन् त कतै सेनाको नियन्त्रणमा परेका छन् । लुटपाट मच्चाउनेहरुले निजीदेखि सरकारी भवनमा भेटिएको सामान बोकेर भागिरहेको देखिएको छ । जेन्जीले यस्ताहरुलाई कसैको घरमा डेरामा बस्छन् भने निकालिदिन घरबेटीलाई समेत अनुरोध गरेपछि ढिलोचाँडो लुटपाटमा संलग्न व्यक्तिको निजी सम्पत्ति लुटेराहरु पक्राउ पर्ने देखिएको छ । बुधबारबाटै पक्राउ शुरु भइसकेको छ ।

- **बाल सुधारगृहमा झडप, पाँचजनाको मृत्यु**

नेपालगञ्जको नौवस्तास्थित बाल सुधारगृहमा झडप हुँदा पाँच जनाको मृत्यु भएको छभने अन्य सात जना घाइते भएका छन् । नौवस्ता कारागारका प्रमुख जालन्धर भुसालका अनुसार बालबिज्याईकर्ता गेट फोरेर बाहिर निस्कन खोज्दा भएको झडपमा उनीहरुको मृत्यु भएको हो । कारागारमा रहेका ५ सय ८५ मध्ये १४० जना र बालसुधार गृहबाट ७६ जना भागेको उल्लेख गर्दै बालबिज्याईकर्ता र थुनुवालाई एकै ठाउँमा राखेका कारण यो अवस्था सृजना भएको हो । झडपमा घाइते भएकाहरुलाई नेपालगञ्जस्थित भेरी अस्पताल ल्याइएको थियो । ती घाइतेमध्ये पाँच जनाको उपचारको क्रममा मृत्यु भएको हो । अन्य घाइतेको जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा उपचार भइरहेको छ ।

- **धादिङ कारागारमा एकको मृत्यु**

जिल्ला कारागार धादिङका कैदीबन्दी भाग्न खोजेपछि नेपाली सेनाले गोली चलाएको छ । सेनाको गोली लागेर अन्दाजी ७५ वर्षीय कैदीको मृत्यु भएको छ । सात कैदीबन्दी घाइते भएका छन् । घाइते हुनेहरु सबै पुरुष छन् । प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीका अनुसार कैदीबन्दीले सुरक्षा घेरा तोडेर निस्किन थालेपछि सेनाले गोली चलाएको हो । घटनामा जनपथ र सशस्त्र प्रहरी बलका सात जना घाइते भएका छन् । घाइते प्रहरी सबैको अवस्था सामान्य छ । गोली लागेर घाइते भएका कैदीबन्दीलाई सेनाकै सुरक्षामा उपचारका लागि काठमाडौं पठाइएको छ । मङ्गलबार नक्खु कारागारबाट पूर्व गृहमन्त्री रवि लामिछानेसहित अन्य कैदीबन्दी छाडेको भन्दै आफूहरुलाई पनि रिहा माग गर्दै कैदीबन्दीले कारागारमा आगजनी गरेका थिए ।
गोली चलाउनु अघि सेनाले पानीको फोहोरा प्रयोग गरेर स्थिति नियन्त्रणमा लिने कोसिस गरेका थिए । उनीहरुले सेनामाथि नै आक्रमण गर्न थालेपछि सेनाले गोली चलाएको हो । जिल्ला कारागार धादिङमा २ सय ४३ कैदीबन्दी छन् । त्यसमध्ये महिला ९ जना छन् ।

- **खाद्य गोदाममै लुटपाट**

'जेन्जी' आन्दोलनक्रममा मङ्गलबार साँझ लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको गोदाममा तोडफोड र लुटपाट भएको छ । ठूलो समूहमा आएका उनीहरुले हजारौं क्विन्टल चामल र चिनी लुटेका छन् ।
कम्पनीका लहान शाखाका सूचना अधिकारी अनिलकुमार महतोले भने, 'गोदाममा भण्डारण गरिएको करिब सात हजार क्वीन्टल जिरा मसिना चामल, ५ सय क्वीन्टल सोना मन्सुली चामल र तीन हजार ५ सय क्विन्टल चिनी लुटिएको छ । उनका अनुसार ट्राफिक प्रहरी कार्यालयमा आगजनी गरेपछि आन्दोलनकारीले खाद्य गोदाममा आक्रमण गरेका थिए । लुटपाटपछि कार्यालयको चारपाङ्ग्रे सवारी साधनमा आगजनी गरिएको छ । हाल नेपाली सेनासहितका सुरक्षाकर्मीहरूले सुरक्षा प्रदान गरेका छन् ।

- **जनकपुरमा सेनाको नियन्त्रण**

जेन्जी पुस्ताको आन्दोलनपछि जनकपुरधाममा मंगलबार रातिदेखि निरन्तर भइरहेको आगजनी र लुटपाटलाई नियन्त्रणमा लिन नेपाली सेनाले मोर्चा सम्हालेको छ । जनकपुरधामका भन्सार कार्यालय, प्रहरी चौकी, उपमहानगरपालिका कार्यालय, यातायात कार्यालय, विभिन्न राजनीतिक दलका कार्यालय, मन्त्रिपरिषद्को कार्यालय, शिक्षा, कृषि र भौतिक पूर्वाधार मन्त्रालय, मधेश प्रदेश सभा भवन लगायतका महत्त्वपूर्ण संरचनामा तोडफोड, आगजनी र लुटपाट भएको थियो । विशेष गरी जनकपुरधाम उपमहानगर पालिकाको नयाँ पाँचतले भवनमा भएको आगजनीबाट करिब दुई सय ग्यास सिलिन्डर विस्फोट भएको थियो भने भवन पूर्णरूपमा क्षति भएको छ । सोही भवनमा रहेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, कुर्सी–टेबल लगायतका सम्पूर्ण सामग्री लुटेर भवनमा आगो लगाइएको जनाइएको छ । त्यसैगरी भन्सार कार्यालयमा रहेका सयौँ मोटरसाइकल लुटिएको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेका कम्प्युटर, ल्यापटपलगायत सम्पूर्ण विद्युतीय उपकरण मंगलबार राति १ बजेसम्म लुटपाट भएको बताइएको छ । बुधबार बिहानसम्म पनि विभिन्न कार्यालयमा लुटपाट नरोकिएपछि नेपाली सेनाले स्थिति नियन्त्रणमा लिँदै लुटपाट तथा सार्वजनिक सम्पत्तिमा क्षति पु¥याउनेहरूलाई हटाएको छ । सेनाले अशान्ति बढाउने कार्य नगर्न र संलग्नहरूमाथि कडाकारबाहीहुनेचेतावनीदिएकोछ ।

- **पर्सामा भ्रष्टाचारको मुद्दा**

पर्साको कालिकामाई गाउँपालिकामा भएको भ्रष्टाचार र अनियमितताको विरोधमा आक्रोश व्यक्त भएको छ । युवाहरुले गाउँ कार्यपालिकाको कार्यालय नजिक टायर बालेर प्रदर्शन गर्नुका साथै पालिका अध्यक्षको घर अगाडिसमेत राजीनामाको मागसहित शान्तिपूर्ण आन्दोलन गरिरहेका छन् । विरोध प्रदर्शन चर्किन सक्ने आशंकामा सुरक्षा कडाइ गरिएको छ । नेपाल प्रहरीसँगै सशस्त्र प्रहरी बल र सेनासमेत तैनाथ गरिएको छ । आन्दोलनकारी युवाले पालिकाको विकास बजेट दुरुपयोग भएको भन्दै तत्काल भ्रष्टाचारमा संलग्नलाई कारबाही र पालिका अध्यक्षले पदबाट राजीनामा दिनुपर्ने माग गरेका छन् ।
यता, जिराभवानी गाउँपालिकाको भवन अगाडि आगजनी भएको छ । पर्सामा जारी जेन्जी आन्दोलन गाउँसम्म फैलिन थालेको छ । मंगलबार राति ९ बजे पोखरिया नगरपालिकामा अज्ञात समूहले आगजनी गरेको छ । घटनापछि स्थानीयमा त्रास फैलिएको छ । यस्तै, बुधबार बिहान जिराभवानी गाउँपालिकामा एक समूहले आगजनी गरेको छ । आन्दोलनकारीले सडकमा टायर बालेर विरोध प्रदर्शन गरेका छन् भने यसले आसपासका बस्तीमा आतंक पैदा गरेको छ । त्यसैगरी, धोबिनी क्षेत्रमा समेत टायर बालेर प्रदर्शन गरिएको छ । आन्दोलनको प्रभाव अब शहरी क्षेत्र मात्र नभई ग्रामीण भेगमा समेत देखिन थालेपछि सुरक्षाकर्मीलाई सतर्क पारिएको छ ।

- **कारागारमा गोली चल्यो**

वीरगंज कारागारको पर्खाल फोडेर भाग्ने प्रयास गरेका ४ कैदी नेपाली सेनाले हानेको गोली लागेर घाइते भएका छन् । कारागारका कैदीहरुले मंगलबार मध्यरातिदेखि नै कारागारबाट भाग्न खोजेपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र सेना कारागारमा खटिएको थियो । कैदीहरुले भाग्न कारागारको पर्खाल फोडेर प्वाल बनाएपछि नियन्त्रणका लागि खटिएको सेनाले त्यही प्वालबाट कारागारभित्र गोली चलाएको थियो ।
सेनाले चलाएको गोलीले लागेर कैदीहरु विकास जयसवाल, विकास लामा, सन्जीव साह र राजा कुमार घाइते भएका छन् । घाइते चारै जनालाई बुधबार बिहान एम्बुलेन्समा राखेर उपचारका लागि नारायणी अस्पतालमा पुर्याइएको र प्रहरीको निगरानीमा उनीहरुको उपचार भइरहेको पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए । कारगारलाई नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले चारैतिरबाट घेरामा लिएको र अहिले अवस्थामा नियन्त्रणमा रहेको उनले बताए ।
यस्तै, वीरगंज–४ विर्तामा रहेको बाल सुधार गृहबाट १ सय ४६ बाल कैदीहरु मंगलबार रातिदेखि भागेकामा तीमध्ये ७८ जनालाई बुधबार प्रहरीले नियन्त्रणमा लिएको छ । बुधबार दिउँसोसम्म वीरगंजका विभिन्न स्थानबाट फरारमध्ये ७८ जनालाई नियन्त्रणमा लिइएको प्रहरी उपरीक्षक मिश्रले बताए । फरार मध्येका ६८ जनाको खाजी भइरहेको उनले बताए ।

- **भाटभटेनी लुट्ने चार पक्राउ**

देशैभर नेपाली सेनालगायत अन्य सुरक्षा निकाय परिचालन भएपश्आज बुधबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म महाराजगस्थित भाटभटेनी सुपर मार्केट लुटपाटमा संलग्न चार जना पक्राउ परेका छन् । त्यसैगरी डिल्लीबजार–नारायणथान क्षेत्रमा शङ्कास्पद गतिविधिमा संलग्न व्यक्तिहरूले सुरक्षा फौजलाई देखेपछि छाडेर भागेको नेपाली दुई लाख ३२ हजार ५ सय रुपैयाँ र दुई हजार ५ सय डलर बरामद गरिएको सेनाले जनाएको छ ।
सेनाले विज्ञप्तिमार्फत सुरक्षाकर्मीबाट लुटिएका थप हतियार एक नालसहित हालसम्म जम्मा ३२ नाल बरामद भएको जनाएको छ । साथै डडेलधुरास्थित जिल्ला कारागारबाट निस्केर भागेका कैदीबन्दीमध्ये २६ जनालाई नियन्त्रणमा लिइएको तथा काठमाडौँ डिल्लीबजारस्थित सदर कारागारबाट भाग्ने प्रयास गरेका कैदीबन्दीलाई रोकिएको छ ।

- **दाङमा भागेका ४० कैदीबन्दी पक्राउ**

तुलसीपुर कारागारबाट भागेका ४० कैदीबन्दीलाई पक्राउ गरिएको छ । सेनाको सहयोगमा उनीहरूलाई पक्राउ गरिएको कारागार कार्यालय तुलसीपुरका प्रमुख गिरबहादुर सेजुवालले जानकारी दिए । मंगलबार र बुधबार कारागारबाट कैदीबन्दी भागेका थिए । बुधबार बिहान मात्रै २ सय ५३ कैदीबन्दी भागेका थिए । तीमध्ये ४० जनालाई पक्राउ गरिएको हो । बुधबार भागेकामध्ये २ सय १३ र मंगलबार भागेका १ सय २४ गरी ३ सय ३७ जना फरार रहेको उनले बताए । भाग्नेहरू सबै पुरुष कैदी हुन् । कारागारमा जम्मा ४ सय ६९ कैदीबन्दी थिए । तीमध्ये महिला कैदी भने भागेका छैनन् । कैदीहरूले कारागार तोडफोड गरी भागेका थिए । सेनाले हवाई फायर गर्दागर्दै पनि उनीहरू भाग्न सफल भएका थिए ।

- **डडेल्धुरामा ३३ कैदीबन्दी पक्राउ**

डडेल्धुरा जिल्ला कारागारबाट भागेका ३३ कैदीबन्दी पक्राउ परेका छन् । बुधबार बिहान आन्दोलन गरी कीर्तिपुर डडेल्धुरास्थित कारागारबाट भागेका ८५ कैदीबन्दी मध्ये ३३ जनालाई नेपाली सेनाको सहयोगमा प्रहरीले पक्राउ गरेको हो । भागेका बाँकी कैदीबन्दी खोज्ने क्रम जारी रहेको कारागार प्रमुख सन्तोष भट्टले जानकारी दिए । कारागारमा १ सय २७ कैदीबन्दी थिए ।

- **कञ्चनपुरमा २१ कैदीबन्दी फिर्ता**

कञ्चनपुर कारागारबाट मङ्गलबार राति फरार भएकामध्ये हालसम्म २१ कैदीबन्दी फिर्ता भएका छन् । कारागार कार्यालय कञ्चनपुरका निमित्त प्रशासक रामदत्त जोशीका अनुसार कारागारमा ४ सय ७९ कैदीबन्दी थिए । मङ्गलबार राति करिब तीन–चार सयको संख्यामा घरेलु हतियारसहित आएका व्यक्तिहरु कारागार प्रवेश गरी मूलगेटको ताला तोडेर कैदीबन्दीलाई भाग्न सहयोग गरेका थिए । कारागारमा ४ सय ५३ पुरुष र २६ महिला गरी ४ सय ७९ कैदीबन्दी थिए ।

- **पाँच जना नियन्त्रणमा**

'जेन्जी'को आन्दोलनका क्रममा जिल्ला कारागारबाट मंगलबार राति भागेकामध्ये पाँच जना पक्राउ परेका छन् । कारागारबाट भागेकामध्ये बुधबार उनीहरूलाई नियन्त्रणमा लिइएको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले जानकारी दिए । अरू कैदीबन्दीको खोजी भइरहेको जनाइएको छ ।
धुलिखेल कारागारको आगलागी
धुलिखेलस्थित जिल्ला कारगारमा लगाइएको आगो दुई घण्टापछि नियन्त्रणमा लिइएको छ । कारागारकै कैदीबन्दीले मध्याह्न १२ बजे लगाएको आगो २ बजे नियन्त्रणमा ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दमकल प्रयोग गरेर कारगारमा भएको आगजनी नियन्त्रणमा लिएको कार्यालय प्रमुख प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए । कारागारमा आगजनी गरेपछि बाहिर ठूलो संख्यामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली परिचालन गरिएको थियो ।आगजनीको नेतृत्व गर्ने सागर मैनालीलगायत चार जनालाई कारागारभित्र असुरक्षित भएपछि बाहिर निकालिएको शाहले बताए ।
जेलबाट भागेका कैदी पक्राउ पर्दै
मङ्गलबार राति गौर कारागारबाट फरार रहेका कैदीलाई जिल्ला प्रहरी कार्यालय रौतहटले धमाधम पक्राउ गरिरहेको छ । कारागार भत्काएर भागेका १३ जना कैदीलाई बुधबार बिहान सीमा क्षेत्रबाट पक्राउ गरिएको प्रमुख जिल्ला अधिकारी विनोद खड्काले जानकारी दिए । उनका अनुसार एक सय ९१ कैदी रहेको कारागारभित्र अहिले ६१ जना छन् । प्रदर्शनकारीले चन्द्रपुर नगरपालिका, इलाका प्रहरी कार्यालय, डिभिजन सडक कार्यालय, डिभिजन वन कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवन आगलागी गरेर पूर्ण रुपमा क्षति पुर्याएका प्रजिअ खड्काले जानकारी दिए ।
२७ जना पक्राउ, ३३ लाख बरामद
पछिल्लो विषम परिस्थितिको अनुचित फाइदा उठाई लुटपाट, आगजनी र जीउधनको क्षति गर्ने मनसायले उछृंखल गतिविधिमा संलग्न २७ जना पक्राउ परेका छन् । मङ्गलबार राति १० बजेदेखि आज बिहान १० बजसम्म देशका विभिन्न स्थानमा विध्वंसात्मक तथा अराजक गतिविधिमा संलग्न भएका उनीहरूलाई नेपाली सेनाले नियन्त्रणमा लिएको हो । सुरक्षा निकायले काठमाडौँको गौशाला–चाबहिल–बौद्ध क्षेत्रबाट लुटपाटमा संलग्न व्यक्तिबाट ३३ लाख ७० हजार बरामद गरिएको सेनाले जनाएको छ । काठमाडौँका विभिन्न स्थानबाट २३ र पोखराबाट आठ नाल गरी विभिन्न किसिमका हतियार ३१ थान तथा म्यागजिन एवम् गोलीगठ्ठा बरामद भएका छन् । सार्वजनिक तथा निजी सम्पत्तिमाथि प्रदर्शनकारीले लगाएको आगो तीनवटा बारुणयन्त्रको प्रयोग गरी नियन्त्रण गर्ने कार्य भइरहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।
भक्तपुरको राधेराधेस्थित भाटभटेनी सुपरमार्केट, होटल हायात र बौद्ध इलाकाबाट लुटपाटमा संलग्न भएको अभियोगमा २१ जना पक्राउ परेका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । नयाँ बानेश्वरस्थित राष्ट्रिय वाणिज्य बैंक लुटपाटमा संलग्न पाँच जनालाई पनि सेनाले पक्राउ गरेको छ ।

- **हतियार बुझाउन सेनाको निर्देशन**

नेपाली सेनाले आन्दोलनक्रममा सुरक्षाकर्मीबाट लुटिएका तथा फेला पारेका हातहतियार, गोलीगठ्ठा एवम् सुरक्षा सामग्री यथाशीघ्र बुझाउन निर्देशन दिएको छ । सेनाले आज वक्तव्य जारी गर्दै त्यस्ता हातहतियार एवम् सुरक्षा सामग्री नजिकको सुरक्षा निकाय वा सुरक्षाकर्मीलाई यथाशीघ्र बुझाउन अनुरोध गरेको हो । हातहतियार र गोलीगठ्ठा नबुझाई कसैसँग फेला परेमा प्रचलित कानूनबमोजिम कारबाही हुने सेनाले स्पष्ट पारेको छ । हातहतियारको दुरुपयोग भई जनधनको क्षति हुनसक्ने भएकाले त्यससम्बन्धी सूचना प्राप्त गर्ने व्यक्तिले सुरक्षा निकायलाई जानकारी गराउन पनि सेनाले आग्रह गरेको छ । सेनाले सम्बन्धितलाई हतियार बुझाउन प्रेरित गर्न अनुरोधसमेत गरेको छ । सेनाले यस संवेदनशील परिस्थितिमा सुरक्षा निकायका पोशाकको अनधिकृत प्रयोग नगर्न पनि सूचित गरेको छ । सेनासहितको सुरक्षा निकायले मंगलबार रातिदेखि बिहानसम्म काठमाडौँको विभिन्न स्थानबाट २३ र पोखराबाट आठ नाल गरी विभिन्न किसिमका हतियार ३१ थान तथा म्यागजिन एवम् गोलीगठ्ठा बरामद गरेको छ ।

सम्पादकीय

# आन्दोलनभित्र देखिएको अपराध

*जेन्जी पुस्ताको आन्दोलनले देशमा झण्डै २० खर्ब रुपैयाँ बराबरको सम्पत्ति नष्ट गरेको छ । सिंहदरबार, सर्वोच्च अदालतदेखि प्रदेश सरकारका संयन्त्रहरु ध्वस्त भएका छन् । कर्मचारी संचयकोषदेखि व्यक्तिका घरसम्म छानेर जलाइएका छन् । जेलबाट भागेर रवि लामिछाने, टोपबहादुर रायमाझीदेखि सञ्जय साहले समेत जेन्जी आन्दोलनको फाइदा उठाइसकेका छन् । उनीहरुले पनि जेन्जी पुस्तालाई धन्यवाद दिएका छन् । १२ वर्ष जेलमा बसेका सञ्जय साहले ठूला दलहरुले आफूलाई फसाएको भिडियो सार्वजनिक गरेका छन् । पर्साको वीरगंजमा नेताहरुको घर आगो लगाउने क्रममा केही स्वार्थ समूहको गुण्डागर्दी देखिन्छ । भर्खरै आएका पर्साका सिडिओले स्थिति नियन्त्रणमा लिन त आफैँलाई पनि नियन्त्रण गर्न कठिन भएपछि उपचार गर्नु परेको समाचार चुहिएको छ । यतिखेरसम्ममा वीरगंजमा छानेर रिस उठेकाहरुको घरमा आगो लगाउने समूह सक्रिय भएर खरानीको तातोमा वीरगंज बेचिरहेको छ।*

*वीरगंजमा मात्र होइन, देशभर यस्ता घटना भएका छन् । भाटभटेनी लुट्न जानेहरु, बैंक फोर्न जानेहरु, मन नपरेका नेताको घरमा आगो लगाएर पाउरोटी पनि चोर्नेहरुले पनि मौका पाए । कतिसम्म भने आन्दोलनका नाममा वीरगंजका मेयर राजेशमान सिंहको घरमा आगो लगाउन छिरेकाहरुले चम्चासमेत चोरेका छन् । यति मात्रै होइन, रवि लामिछाने, टोपबहादुर रायमाझी, सञ्जय साह भाग्न पाउने, हामी थुनिनु पर्ने भनेर जेल र बालकैदीबन्दीहरुले देशभरको कारागारमा आन्दोलन गरेर अपराध गरे पनि घर जान पाउँ भनेर वितण्डा मच्चाए । सेनाले कारबाही गर्नु पर्ने अवस्था बन्यो र ६ जना भगवानको घर गएका छन् । केही वर्ष जेल बसेका भए इमानदार भएर घर फर्कन पाउनेहरु स्वर्गबासी भएका छन् । यसरी नै अरु पनि उत्तेजित भएका छन्।*

*जनयुद्धकालीन मुद्दाहरु अहिले उठिरहेका छन् । त्यसैले शान्ति प्रक्रिया अवरुद्ध छ । अहिलेको घटनामा पनि ढिलोचाँडो आन्दोलन र अपराध पहिचान हुने नै छ र सबैले पालैपालो कारबाही भोग्नैपर्छ । अझ आफैँले छानेको सरकारको कारबाही भोग्नु पर्नेछ । जसरी गणतन्त्रमा माओवादीहरुलाई अहिलेसम्म अदालत कारबाहीले छाडेको छैन । यसैले संयमता अपनाऔँ । उन्मादमा अरुको घरमा आगो नझोसौँ । भिडियो लाइभ गर्नेहरुको हुलिया ढिलोचाँडो सेनाको खोजीमा पर्ने पक्का छ।*

# विषम परिस्थितीमा धैर्य र संयम अपनाउनु



ईश्वर पोखरेल

जेन्जी पुस्ताका युवाहरूको आह्वानमा भएको भ्रष्टाचार नियन्त्रण तथा सामाजिक सन्जालमाथिको प्रतिवन्ध हट्नुपर्ने लगायतका विषयमा केन्द्रीत आन्दोलन र देशमा विकसित पछिल्ला राजनीतिक घटनाक्रमप्रति सबैको ध्यान गम्भीर रूपमा आकर्षित भएको छ । आन्दोलनका क्रमा भएको जनधनको क्षतिप्रति गहिरो दुस्ख व्यक्त गर्दै आन्दोलनमा ज्यान गुमाउनेहरूप्रति श्रद्धान्जली व्यक्त गर्दछु । शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना पनि गर्दछु । घाइतेहरूको उपचारमा सरकारले हालै गरेको निर्णयको प्रभावकारी कार्यान्वयन होस् भन्ने माग पनि गर्दछु ।

आन्दोलनमा भएको अस्वभाविक र अत्यधिक बल प्रयोग र त्यसकाणले भएको जनधनको ठूलो क्षति , सार्वजनिक सम्पत्ति, ऐतिहासिक सम्पदा , राजनीतिक दलका कार्यालय र विभिन्न व्यक्तिका निजी निवास तथा निजी सम्पत्तिमा गरिएको आगजानी, तोडफोड र हिंसाका घटनाप्रति निन्दा र भत्र्सना नगरी रहन सकिन्न ।

यी घटनाहरूको स्वतन्त्र र निष्पक्ष छानविन गरी दोषीमाथि कडा कानूनी कारवाही गरिनुपर्छ । साथै, भविष्यमा यस्ता दुस्खद वघटना नदोहोरिने वातावरण सुनिश्चित गर्नु हामी सबैको कर्तव्य हो ।

यस विषम परिस्थितिमा धैर्य र संयमता अपनाउन , समाजमा शान्ति, अमनचयन र सामाजिक वसद्भावका लागि सबैको पहल र प्रयत्न आवश्यक छ । जस्तोसुकै कठिन परिस्थितिमा पनि लोकतान्त्रिक पद्धति, बहुलवादी मूल्य मान्यता , सामाजिक न्याय, विधिको शासन र रूपान्तरणकारी आन्दोलनप्रति अविचलित रहन पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता, समर्थक , शुभेच्छुक तथा आम जनतामा हार्दिक आह्वान गर्दछु । विगतबाट शिक्षा लिदै प्रतिकूल परिस्थितिलाई अनुकूल बनाउने दिशामा हामी सबै अघि बढ्नु अहिलेको आवश्यकता हो ।

# राजनीतिक संक्रमणको निकास संविधानसम्मत लोकतान्त्रिक विधि



शंकर पोखरेल

**प्रिय कमरेडहरु,**

मुलुकमा उत्पन्न असामान्य परिस्थितिबारे यहाँहरु अवगत नै हुनुहुन्छ । भ्रष्टाचारको विरोध लगायत विभिन्न माग राखेर सञ्चालित जेन–जेड पुस्ताको प्रदर्शनका क्रममा प्रहरीको गोली प्रहारबाट भएको १९ जना युवाहरुको दुःखद निधन र ४ सय भन्दा बढी घाइते भएको घटनाले सिङ्गो मुलुक मर्माहत बनेको छ । मारिनु हुने सबैप्रति हामी पुनः श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ ।

सन्तान वियोगका पीडामा रहनुभएका परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ । घटनाको निष्पक्ष छानबिन हुनुपर्छ र दोषीमाथि कानुनबमोजिम कार्बाही हुनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

त्यस पीडाको घाउ ओभाउन नपाउँदै हिँजो देशैभरि भएका आगजनी, तोडफोड, हिँसा र लुटपाटका घटनाले मुलुक पुनः स्तब्ध भएको छ । सङ्घीय संसद भवन, राष्ट्रपति भवन, ऐतिहासिक सिँहदरबार, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी कार्यालय लगायत सयौँ संरचनाहरु ध्वस्त भएका छन् । बहुमूल्य र दुर्लभ अभिलेख, दस्ताबेज र लिखतहरु जलेर नष्ट भएका छन् । होटल, डिपार्टमेन्टल स्टोर, केबुल कार, गाडीका शोरुम, ब्याङ्क लगायत सार्वजनिक र निजी सम्पत्तिमा खर्बौको नोक्सानी भएको छ ।

जेलबाट गंभीर कसुरमा दोषी साबित भएका सहित हजारौँ कैदीबन्दीहरु बाहिरिएका छन् । राजनीतिक दलका नेता कार्यकर्ता तथा कार्यालयहरु निशाना बनाइएका छन् । विकासका दृष्टिले मुलुकलाई दशकौँ पछाडि धकेल्ने यी घटनाक्रमबाट सिङ्गो समाज निकै आहत भएको छ ।

प्रदर्शन शान्तिपूर्ण रहने आयोजकहरुको पूर्व घोषणा विपरीत र यसमा कुनै सङ्लग्नता नरहेको उहाँहरुको स्पष्टोक्तिका बाबजुद यस्ता विध्वंसात्मक र विनाशकारी घटनाहरु कसबाट र कसरी घटाइए, यसको यथार्थ छानबिन हुनैपर्छ । यस क्रममा राज्यका सुरक्षा निकायहरुको भूमिकाको पनि समीक्षा हुनुपर्छ ।

यस्तो विषम परिस्थितिमा सिङ्गो पार्टी पङ्क्तिलाई अविचलित, एकताबद्ध र भविष्यप्रति आशावादी भएर अगाडि बढ्न हामी आग्रह गर्दछौँ । हामीहरु निरङ्कुशतन्त्र, सशस्त्र द्वन्द्व, सामाजिक विद्वेषको चरम अवस्था र प्राकृतिक एवं मानव–निर्मित विपत् िजस्ता असामान्य चुनौतीसँग जुझ्दै र तिनीहरुमाथि विजय हासिल गर्दै यस बिन्दुसम्म आइपुगेका हौँ । यो प्रतिकूल अवस्था सधै रहने छैन, अवश्य बदलिएर जानेछ ।

सङ्कटको यस घडीमा सबै कमरेडहरुलाई नियमित सम्पर्कमा रहन, समस्याको सामूहिक समाधानको प्रयाश गर्न, प्रशासनसँगको समन्वयमा सार्वजनिक तथा निजी सम्पत्तिको रक्षा गर्न, शान्ति सुरक्षा कायम राख्न र जनतालाई परेको पीरमर्कामा आवश्यक राहत प्रदान गर्र्न आग्रह गर्दछौँ ।

समग्र स्थितिको वस्तुनिष्ठ विश्लेषण र यस क्रममा हाम्रा कुनै कमी रहेका भए तिनको पनि समीक्षा उपयुक्त समयमा हुने नै छ । तर यतिबेला सम्हालिनु, एकताबद्ध हुनु र दृढ विश्वासका साथ अगाडि बढ्नु बढी महत्वपूर्ण छ । राष्ट्र, लोकतन्त्र र कम्युनिष्ट आन्दोलन सबैका सामु गंभीर चुनौती उत्पन्न भएको प्रतिकूल अवस्थामा यिनको रक्षाका लागि कमरेडहरुको रचनात्मक भूमिका रहने छ भन्ने विश्वास लिएका छौँ ।

प्रधानमन्त्रीको राजिनामापछिको राजनीतिक निकास संविधानसम्मत् र लोकतान्त्रिक विधिबाट खोजिनुपर्छ । सार्थक संवाद सुरु गर्न एवं परिणाममुखी संवादकै माध्यमबाट सुशासन, सहज सेवा प्रवाह र तीव्र विकासको आकाङ्क्षा लगायतका युवा पुस्ताका मागलाई संविधानसम्मत रुपमा संवोधन गर्न आवश्यक पहलका लागि सम्माननीय राष्ट्रपतिज्यूलाई ध्यानाकर्षण गराउँछौँ ।

लोकतान्त्रिक गणतन्त्र र बहुदलीय प्रतिष्पर्धात्मक प्रणालीलाई कुनै पनि अर्थमा कमजोर गर्नु हुँदैन र समाधानका प्रत्येक प्रयाशले लोकतन्त्रलाई थप सुदृढ गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ ।

असामान्य स्थितिको लाभ उठाउँदै देशभरि भइरहेको लुटपाट, आगजनी र तोडफोड नियन्त्रण गर्न एवं जनताको जिउधनको सुरक्षा प्रभावकारी रुपमा गर्न नेपाली सेना लगायत सबै सुरक्षा अङ्गहरुलाई हार्दिक आह्वान गर्दछौँ ।

# मेरो सबै सकियो तर विचलित भएको छुइनँ



महेश बस्नेत

छोराछोरी, परिवार र आफन्तहरूले मलाई एक शब्द पनि नबोल्न भने । भन्छन्, 'बोल्यौं भने भेटे भने हत्या गर्छन् ।' म जीवनमा कहिल्यै मृत्युको भयबाट डराइन। हिजो दिनभरि र रातभरि शरणार्थी जीवन बिताइयो । तर मौन बस्न सकिनँ । हाम्रो घर मात्र जलाइएको भए नलेखौ भन्ने म नै थिए । तर संसद भवन जल्यो, राष्ट्रपति कार्यालय, प्रधानमन्त्री कार्यालय, सर्वोच्च अदालत, अख्तियार भवन, प्रहरी प्रशासनका भवनहरू, निजी होटलहरू जले, भाटभटेनी, बैंकहरू लुटिए । पशुपतिनाथको मन्दिर नै जलाउने प्रयत्न भएको छ ।तर त्योभन्दा भयावह त के भयो भने रवि लामिछाने सहित हजारौं गम्भीर अपराधमा संलग्न कैदीहरु जेल जीवनबाट मुक्त गरिएको छ ।

७७वर्षका मेरा निर्दोष बुबा, ओपन हर्ट सर्जरी गराएकी ७२ वर्षकी आमा, राजनीति चासो नै नराख्ने मेरी श्रीमतीलाई आफ्नै घरमा आगो लगाउँदै त्यही भुंग्रोमा जिउँदै जलाउने प्रयास गरियो । हामी थेरथोर पुर्खौली सम्पत्तिका कारण सुकुम्बासी त भएका छैनौ, तर आज घरबारविहीन भएका छौँ । आमाबुबाले खुवाउने औषधि र एक जोर फेर्ने कपडा पनि झिक्न नदिई ।घरभित्रका सम्पूर्ण सामग्री जलाएर ध्वस्त पारिएको छ ।

म कठोर समयको सजायभोग्दैछु ।देशलाई जीवन समर्पण गरेको अपराधका लागि । भक्तपुरको विकासका लागि अकल्पनीय योगदान गरेको अपराधका लागि दिनरात घरघर पुगेको, जनताको सुखदुःख आफ्नै मानेर समाधानगर्न खोजेको मान्छे म आज घरबारविहीन बनेको छु । भूकम्पको बेला २८०० घरबारविहीनलाई राहत र पुनस्र्थापनाको अभियान चलाउँदा अस्थायी घर बनाएर वितरण गर्दा उनीहरूको भक्कानेको पीडा सुन्दै आँसु पुछेको थिएँ । आज आफ्नै आँसु देखाउन सक्दिन् ।जिम्मेवारीले रुनपनि अनुमति दिँदैन ।

नाकाबन्दीको पीडामा कोभिडको लकडाउनमा हजारौंभोकाहरुलाई भोकाहरुलाई खाना खुवाएर उनीहरुको घर सम्मको जाने व्यवस्था गरेर उनीहरुको पीडामा मलम लगाएको थिएँ । तर म आज आफु पीडामा छु भन्न पनि नमिल्ने ठाँउमा छु । परिस्थितिको यो कस्तो बाध्यता हो ? मैले सांसद या मन्त्रीको कुनै जिम्मेवारी पाउनुभन्दा अगाडि १४ वर्ष पहिले बुवाले जागिरे हुँदा कमाएक सम्पुर्ण पसिनाको पैसा र केही जग्गा बेचेर बनेको त्यो घर आज धुलोमा परिणत भयो ।उपत्यकाका मान्छेहरू हामी कोठाभाडामा खासै बस्दैनौँ । तर अब लामो समय हामी घरबारविहीन भएर भाडामा बस्दैछौँ ।

अब जमिन नबेची नयाँ घर बनाउन सम्भव छैन । राजनीतिक यात्रा , छोरीको विवाह, अन्य घर व्यवहारमा भएको खर्च जोड्दा मैले २ करोड ५० लाख रुपैयाँ ऋण (बाणिज्य बैंक बानेश्वर शाखाबाट १ करोड, शंखधर सहकारी ठिमीबाट ६५ लाख, सानाकिसान सहकारी गुण्डुबाट ८५ लाख) बोकेको छु । तर यो सहयोगको याचना होइन ।

भ्रष्टाचार, अपराध, राष्ट्रघात नगरी, केवल जनताको पक्षमा काम गरे तर पपुलिष्टहरूले सुन्न नचाहेको कुरा बोलेको सजाय स्वरूप मेरो घर जलाईएको र घरबार विहीन बनाइएको पिडा हो । म निरह्य भएको प्रहरी प्रशासनप्रति र मनमा असंख्य माया भएर पनि सम्झाउन र फर्काउन नसकेको मेरो टोलछिमेकप्रति मेरो माया र सद्भाव अटल छ । म विचलित छैन । राजनीति रहने कि नरहने त्यो अर्को पाटो हो । तर म सधैं जनताको सेवागर्न जन्मेको मान्छे हु ँ । आज घरबार गुमाए पनि, दुःख पीडा छिपाएर पनि तपाईंहरूको सेवामा उभिनेछु । जसरी चुनाव जित्दा वा हार्दा पनि म तपाईंहरूको सेवामा थिएँ, आज पनि त्यही प्रतिबद्धता दोहोर्याउँछु ।

यो आन्दोलनमामृत्यु भएका र घाइते भएका परिवारलाई त्यो अवसर प्राप्त भयो भने सकेसम्म सहयोग गर्ने प्रतिज्ञा गर्दछु । मैले पहिले पनि भनेको थिएँ गलत मानिसहरूले घुसपैठ गरे भने जेन्जी को नाममा हिंसा हुन्छ । त्यो आज प्रमाणित भयो । धेरै अपराधी जेलबाट बाहिर आएका छन् । सेना सडकमा आउन बाध्य भएको छ ।

अझै पनि अपराधीहरू लुटपाट गरिरहेका छन् ।देशलाई माओवादी युद्ध, मधेस आन्दोलन, नाकाबन्दी, भूकम्प, कोभिडले थिलोथिलो पारे पनि हामी फेरि आर्थिक सुधार र विकासतर्फ अघि बढ्दै थियौँ।

तर आजको यो घटनाले फेरि देशलाई १०–१२ वर्ष पछाडि धकेलेको छ । अब जिम्मेवारी तपाईं आन्दोलनकारीहरूको हातमा छ ।देशलाई बर्बादीतिर लैजानुहोस् वा बचाउनुहोस् । निर्णय तपाईंको हो । हामीमाथि शंका छ भने अनुसन्धान गर्नुहोस्। दोषी ठहरिए सजायभोग्ने छौ । तर निर्दोष ठहरिए भने हाम्रो घर जलेर, जीवनभरको कमाइ खरानी भएर, परिवार असहाय भएर भोगेको यो पीडाको उपचार कसरी हुन्छ ?

मेरो घरको लकर फेला परेको भनेर हल्ला फैलाइयो । म आग्रह गर्दछु आन्दोलनका कमाण्डरहरूले पत्रकारहरूको सामु त्यो लकर खोलून् । यदि त्यहाँ एक हजार रुपैयाँ भेटिन्छ भने मलाई दोषी ठहराउनुस् ।

आज हाम्रो परिवारसँग एक जोर कपडा र हजार रुपैयाँ रकम पनि साथमा छैन । तर मेरो विश्वास अझै बाँकी छ । विभेद रहित भ्रष्टाचारमुक्त समाज, राज्य पुनःसंरचना गर्ने, नयाँ नेतृत्व ल्याउने जनताको पवित्र उद्देश्यलाई अपराधी र अन्तर्राष्ट्रिय स्वार्थी समूहले कब्जा गर्न नदिऊ । देशका लागि मेरो हार्दिक शुभकामना । मेरो घर खरानी भयो, तर जनताप्रतिको मेरो माया कहिल्यै खरानी हुने छैन । देशको विकास र जनताको सेवामा सधैँ खरानी भएर खट्न तयार छु ।'

# जेनजी पुस्ताले पढ्दै पर्ने पुस्तक 'माँ बा'

कृष्ण अधिकारी

सकारात्मक सोचका धनी, नेपालको पर्यटन, सम्पदा र संस्कृतिका धरोहर तथा नेपाली साहित्यका सशक्त हस्ताक्षर कर्ण शाक्यको हालै बजारमा आएको नयाँ कृति'माँ र बा'ले नेपाली समाजको सजीव चित्रण गरेको छ । आत्मकथात्मक शैलीमा लेखिएको जीवन–अनुभवको सङ्ग्रह यस पुस्तकमा पछिल्लो समय आफूलाई जन्म दिने सन्तानहरुले बाबु आमाप्रति गरेको व्यवहार, रहर र बाध्यताका बीच विदेश जानु परेका छोराछोरीका पीडा र बाबु आमाबीचको वियोगको अवस्थालाई बढ्दो मार्मिक ढङ्गबाट लेखकले विश्लेषण गर्नुभएको छ । उहाँका यसअघिका सोच, खोजजस्ता १४ वटा पुस्तक जत्तिकै यस पुस्तकले पनि वाङ्मयमा आफूलाई स्थापित गर्नुको साथै सम्पूर्ण पाठकहरुलाई आआफ्ना घरका व्यथालाई स्मरण गराउँदै हरेक छोराछोरीलाई आफ्ना बाबुआमाप्रतिको दायित्वबोध गराउन पुस्तक सफल भएको छ ।

पुस्तकमा लेखकले आफ्ना व्यक्तिगत जीवनका उतार–चढाव, परिवारसँगको सम्बन्ध, सामाजिक मूल्य–मान्यता, बाल्यकालदेखि प्रौढ जीवनसम्मका अनुभव र विशेषगरी आमा बाबुप्रतिको सम्झना गरिरहँदा पाठकलाई गम्भीर भएर सोच्न बाध्य तुल्याउँछ । पुस्तकले आमाबाबुको स्नेह, माया र मार्गदर्शनले व्यक्तिको जीवनलाई कसरी प्रभावित गर्छ भन्ने कुरालाई छर्लङ बनाएको छ । आफ्नो व्यक्तिगत सङ्घर्ष, समाजसेवा र जीवन दर्शनलाई पनि पुस्तकको शुरुदेखि अन्त्यसम्म सिलसिलाबद्ध ढङ्गबाट पुस्तुत गराउन सक्नुले लेखकको लेखकीय क्षमतालाई पुनःस्थापित गरेको छ । नेपाली संस्कृतिमा आमा बाबुलाई भगवान सरह मान्ने परम्परागत मूल्यहरूको व्याख्या गर्दै सन्तानलाई पूर्वीय सभ्यताअनुसार जन्म दिने बाबुआमाप्रति कृतज्ञ गराउन खोजिएको छ ।

पुस्तकमा व्यक्त विचार भावनात्मक मात्र नभई प्रेरणादायी पनि छन् । यसमा उहाँले आफ्ना बाल्यकालका अनुभवदेखि जीवनमा आइसकेका सङ्घर्ष र उपलब्धिलाई आमा बाबुबाट सिकेको शिक्षासँग जोडेर प्रस्तुत गर्नुभएको छ । आमा बाबुको स्नेह, अनुशासन र संस्कारले जीवनलाई कसरी सही बाटोमा अघि बढाउँछ भन्ने कुरालाई पुस्तकले राम्ररी शिक्षा दिन सकेको छ । आफ्नो जीवनका कठिन क्षणहरूमा पनि आमा बाबुको सम्झना, आशीर्वाद र शिक्षाबाट प्राप्त ऊर्जाले नै आफूलाई सफल व्यक्ति बनाउन सकेको उहाँको निस्कर्ष छ । नेपाली समाजमा आमा बाबुलाई भगवान सरह मान्ने परम्परागत मूल्यलाई लेखकले आधुनिक दृष्टिकोणबाट व्याख्या गर्दै समाज र संस्कृतिलाई राम्रोसँग जोड्नु भएको छ । व्यक्तिगत सङ्घर्ष, पारिवारिक सम्झना, शिक्षा र जीवनदर्शनलाई प्रेरणादायी ढङ्गले प्रस्तुत गरिएको यस पुस्तक व्यक्तिगत कथामा मात्र सीमित छैन, नेपाली समाजको वर्तमान अवस्थालाई सुक्ष्म रूपमा केलाइएको छ ।

जीवनको निरन्तर यात्रामा आरोह–अवरोहबीच सधैँ सपना देख्ने र अन्धकारमा पनि उज्यालो खोज्दै अघि बढ्न सक्ने क्षमता राख्नुहुने कर्ण शाक्यले पुस्तकमा लेख्नुभएको छ, 'मैले धेरै सोचें, भने, बोलें, लेखेँ, र लेखेको कुरा पूरा पनि गरेँ । केही स्मृतिमा हराए, यद्यपि सपना देख्न कहिल्यै रोकिनँ ।' यही भुटभुटीले नै उहाँले ८४ वर्षको उमेरमा पनि पुस्तक लेख्न प्रेरित ग¥यो । जीवनको उत्तराद्र्धमा फर्केर हेर्दा, आफूले नसोचेको कल्पनाभन्दा बढी उपलब्धि हासिल गरेको, सन्तुष्टि पाएको र यसले औसत मान्छे हुँदाहुँदै आफूलाई महानायक अनुभूति भएका बेला आउने अहंकार वा स्वाभिमानले पनि अविचलित रहनसक्ने खुवि राख्नुहुन्छ उहाँ । आफ्नो सफलताको अन्तरात्माले एक्स–रे गरेर हेर्दा सफलताको गहिरो जग त मेरी आमा र बाबु पो रहेछन् भन्ने बोध भएपछि नै उहाँहरुप्रतिको जिम्मेवारी बोधले नै आफूलाई पुस्तक लेख्न प्रेरित गरेको शाक्य बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'जसरी जग देखिँदैन, भवन मात्र देखिन्छ । जति भवन अग्लो हुन्छ, त्यति नै जग गहिरो र बलियो हुनुपर्छ । आमाले जन्म दिनुभयो, बाबाले कर्म । तर आमाबाबुलाई सन्तानले के दियौँ ? यही प्रश्नले मलाई यो पुस्तक लेख्न घचघच्यायो । अतः मलाई जन्म दिने आमा र बाबुलाई अक्षरको कुन्जमा अमर बनाउन चाहें ।' पुस्तकमा उहाँको तीन पुस्ताको उद्यमशीलताको जिउँदो गाथाले सङ्घर्षदेखि सफलता, निराशाबाट आशा र विचारबाट उपलब्धिको सकारात्मक यात्रा तय गरेको छ । अठार वर्षको कलिलो उमेरमै बाबा स्वर्गारोहण भएकाले पितृत्वको अधुरो माया मात्रै पाउनु भएका उहाँका सपनामा प्रायःआइरहने बुबाको दृश्यले उहाँलाई पितृबोध मात्र गराएन, विदेशमा रहेका ८५ लाख नेपालीका बाबुआमाको सपनासँगै खोसिएका खुशीहरुलाई कसरी फर्काउन सकिन्छ भन्ने हुटहुटीले पनि सताएको पाइन्छ । आफ्ना जरा, संस्कार र सम्बन्धप्रतिको सम्मान भावनालाई उजागर गर्ने प्रयासस्वरुप पाणिनी बुक्सले प्रकाशनमा ल्याएको यस पुस्तक जेन्जी पुस्ताका लागि मार्गदर्शन बन्ने विश्वास गरिएको छ । उहाँका धेरै पुस्तकको शिर्षक दुई दुई अक्षरको रहेको हुँदा यही लय समात्दै यस किताबको नाम पनि "माँ बा" राख्नु भएको देखिन्छ । वास्तवमा माँ र बा त ती दुई अक्षर हुन्, जुन प्राणी मात्रले जीवनमा पहिलो उच्चारण गर्ने शब्द हुन् । यसले प्रेम र सुरक्षाको अनुभूति दिन्छ । आमा बाबुको सम्झना मात्र होइन, उनीहरू जीवित छँदाखेरि सम्मान, माया र सेवा गर्नु नै सन्तानको महान कर्तव्य हो भन्ने कुरा पुस्तकले प्रष्ट्याउँछ । भावी पुस्ताका लागि हस्तान्तरण गरिएको यस पुस्तकमार्फत लेखकले आफ्ना आमा–बाबुप्रतिको श्रद्धाञ्जलि मात्र होइन—पूजा र संस्कारको दस्तावेजको रूपमा प्रस्तुत गर्नुभएको छ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# आन्दोलनबाट भएको फोहर सफा गर्दै दमौलीका युवा

**तनहुँ ।**
दमौलीका युवा फोहरमैला सरसफाइमा जुटेका छन् । मङ्गलबार जेनजीको प्रदर्शनका क्रममा जलाएर फोहर भएका सरकारी कार्यालयसहित क्षेत्रमा युवा सरसफाइका लागि खटिएका हुन् ।
सामाजिक अभियान्ता सुदीप गफ्फारले भ्रष्टाचार विरुद्धको प्रदर्शन युवाको नेतृत्वमा भएको भन्दै नगरलाई सफा राख्ने दायित्व पनि युवाको भएको बताए । सरसफाइमा दमौलीका युवाका साथै टोलवासीको पनि सहभागिता छ ।
प्रदर्शनका क्रममा जिल्ला प्रशासन कार्यालय, तनहुँ अदालत, जिल्ला समन्वय समिति, मालपोत कार्यालय, खानेपानी कार्यालय, डिभिजन वन कार्यालय, आन्तरिक राजस्व कार्यालय, व्यास नगरपालिकामा आगजनी र तोडफोड गरिएको थियो ।
तनहुँ अदालतमा मुद्दाको सुनुवाइ अनिश्चितकालका लागि स्थगन
तनहुँ जिल्ला अदालतले मुद्दाको सुनुवाइ अनिश्चितकालका लागि स्थगित गरेको छ । मङ्गलबार भएको प्रदर्शनका क्रममा अदालतमा रहेका मिसिल, कार्यकक्ष, कम्प्युटरलगायत सबै संरचना जलेर पूर्ण रूपमा नष्ट भएकाले सबै मुद्दाको सुनुवाइ अनिश्चितकालका लागि स्थगित गरिएको जिल्ला अदालतले जनाएको छ ।
अदालतले बुधवार एक सूचना जारी गरी कार्यालय सञ्चालन गर्न असहज परिस्थिति सिर्जना हुन आएकाले आजका लागि तोकिएका मुद्धाका पेशी स्थगित गरिएको, तारेख तोकिएका मुद्दाका तारेख नगुज्रिने, भोलिदेखिको पेशीमा चढेका तथा अन्य मुद्दाहरुको हकमा सुनुवाइ अर्को सूचना नभएसम्म स्थगित गरिएको जनाएको छ । रासस

# जनताको जीउधनको रक्षा र राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न बारको आग्रह

**काठमाडौँ ।**
नेपाल बार एसोसिएसनले आम जनताको जीउधनको रक्षा र राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न सम्बद्ध सुरक्षा निकायको ध्यानाकर्षण गरेको छ ।
बारका महासचिव केदारप्रसाद कोइरालाले बुधवार एक विज्ञप्ति जारी गरी जनताको जिउधनको रक्षाका लागि सुरक्षा निकायको ध्यानाकर्षणसहित शान्ति बहालीका लागि सम्पूर्ण जनसमुदायमा अपिल गरेका छन ।
मङ्गलबार बारको भवन तथा सवारीसाधन, सर्वोच्च अदालतलगायतका अड्डा–अदालतहरूमा भएको आगजनी, तोडफोड र लुटपाटका घटनाप्रति नेपाल बारले भत्र्सना गरेको छ ।
'आपसी वार्ता, मेलमिलाप र सहिष्णुताले मात्र प्रणाली सुदृढ हुन्छ र शान्ति सुरक्षा कायम रहन्छ भन्ने कुरामा हामी दृढ छौँ', विज्ञप्तिमा भनिएको छ, 'कानुन व्यवसायीहरूको निजी आवास, कार्यालय र निजी सम्पत्तिमाथि गरिएको तोडफोड र लुटपाटसम्बन्धी कार्यको निन्दा गर्दछौँ । कानुन व्यवसायीमाथि गरिएको गालीगलौज र दुव्र्यवहारको विरोध गर्दछौँ ।'
अधिवक्ता अजयशङ्कर झाको निजी तथा सार्वजनिक सम्पत्तिमाथिको आगजनी, तोडफोड र लुटपाटसहितको हिंसात्मक घटनाले आमनागरिकको जीउधनको सुरक्षामा गम्भीर चुनौती दिएको बारले स्पष्ट गरेको छ । परिस्थितिलाई थप अराजकता र मुठभेडतर्फ लैजान नदिन र समाजका सबै पक्षलाई संयमता अपनाइ विवेक नगुमाउन बारले सम्बद्ध सबैसँग अनुरोध गरेको छ ।
'देशभरिका अदालत र बार एकाइहरूमा गरिएको आगजनी, तोडफोड र लुटपाटले हामीलाई मर्माहत र स्तब्ध बनाएको छ । जसको पीडा शब्दमा अभिव्यक्त हुन सक्दैन', विज्ञप्तिमा भनिएको छ, 'नेपाली जनताको आस्थाको धरोहर, पुरातात्विक एवं ऐतिहासिक महत्व बोकेका दस्तावेज एवं न्याय निरुपणसम्बन्धी अभिलेखसहितको सर्वोच्च अदालतलगायतका अदालतहरूको भवन आगजनी भइ अपुरणीय क्षति पुर्याएको घटना नेपाली न्यायिक इतिहास र नेपाली मौलिक परम्परामाथिको प्रहार भएको महसुस गरेका छौँ ।'
'अदालतहरूमा रहेका बाँकी दस्तावेज र अभिलेखहरूलाई सुरक्षित गरौँ, न्यायपालिकाको सम्पत्ति, प्रतिष्ठा र विश्वसनीयता जोगाउन पहल गरौँ, आगामी पुस्ताका लागि न्यायको आधारभूत संरचना जोगाउन हातेमालो गर्दै नष्ट हुन बाँकी रहेका महत्त्वपूर्ण दस्तावेज र प्रमाणहरूको सुरक्षामा ध्यान दिई थप क्षति हुन नदिन सम्पूर्ण बार एकाइलगायत तत्तत् निकायहरूसमक्ष आग्रह गर्दछौँ', विज्ञप्तिमा भनिएको छ, 'न्यायपालिकामा सुधार आवश्यक छ, तर त्यस्तो सुधार स्वतन्त्र न्यायपालिकासम्बन्धी राष्ट्रिय, अन्तरराष्ट्रिय मूल्यमान्यता र सिद्धान्तबमोजिम हुनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ ।' रासस

# सरसफाइमा 'जेनजी'



**काठमाडौँ ।**
परिवर्तनका विभिन्न एजेण्डा लिएर प्रदर्शनमा उत्रिएका 'जेनजी'ले यही भदौ २३ र २४ गते सङ्घीय राजधानी काठमाडौँसहित देशका विभिन्न स्थानमा तोडफोड र आगजनी गरे । सार्वजनिक, सरकारी र व्यक्तिगत भौतिक संरचनामा नराम्ररी क्षति पुग्यो । प्रदर्शनका क्रममा ठूलो जनधनको क्षति भयो । सयौँ घाइते विभिन्न अस्पतालमा उपचाररत छन् ।
बुधवार विगत दुई दिनभन्दा अलिक फरक देखियो । प्रदर्शनमा उत्रिएका जेनजी आज कुचो, खरेटो, बेल्चालगायत उपकरण लिएर सरसफाइमा उत्रिएका छन् । उनीहरू हुलकाहुल सरसफाइ अभियानमा सक्रिय छन् ।
उनीहरु बुधबार बिहानैदेखि क्षति पुगेका र भग्नावशेष क्षेत्रमा समूहगत रूपमा सरसफाइ गरिरहेका भेटिए । केन्द्रीय प्रशासनिक केन्द्र सिंदरबार वरिपरि उल्लेख्य सङ्ख्याका जेनजी सरसफाइ गरिरहेका छन् । सिंहदरबारको चारवटै तर्फका गेट, सर्वोच्च अदालत परिसर, माइतीघर मण्डला, बबरमहल, पुतलीसडक, थापाथलीलगायत क्षेत्रमा जेनजीले सरसफाइ गरिरहेका छन् । सरसफाइ गर्नेलाई केही स्वयंसेवीले पिउने पानी वितरण गरिरहेका छन् ।
माइतीघर मण्डलासँगैको सरकारी वकिलको कार्यालय परिसरमा सरसफाइ गरिरहेका जेनजी दानसिंह धामीले विभिन्न समूहमा जेनजीले सडकदेखि टोलटोलसम्म सरसफाइ अभियान चलाइएको बताए । उनका अनुसार सिंहदरबार परिसरमा मात्र चारभन्दा बढी समूहमा सरसफाइ भइरहेको छ ।
यस्तै केशव सिलवाल, केपी खनाललगायत जेनजीले सरसफाइ अभियानको नेतृत्व गरिरहेका छन । काठमाडौँ महानगरपालिकाको फोहर बोक्ने गाडीसहित सरसफाइबाट सङ्कलित फोहर सङ्कलन गरिरहेका छन् ।
सडक, सडक किनार र सार्वजनिक निकायका गेट आसपस छरिएका प्लास्टिक, कागज, पानीका बोतललगायत फोहर उनीहरूले उठाइरहेका छन् । साथै उनीहरुले सडकमा जलाइएका गाडी, मोटरसाइकलका टायर, फलामे उपकरण आदि पन्छाइरहेका छन् ।
सर्वोच्च अदालत परिससरमा सरसफाइ गर्दै गरेका खगेन्द्र रोकायाले सिंहदरबार परिसरमा आफ्नो समूहले सरसफाइ गरिरहेको बताए । जेनजीले आन्दोलन, तोडफोड र आगजनीका क्रममा भएका फोहरको सरसफाइ गरेका हुन् । जेनजीले नयाँ बानेश्वर, मीनभवनलगायत क्षेत्रको सडकमा पनि सरसफाइ गरेका छन् । रासस

# सिमकोट बजार सुनसान
# व्यवसाय सञ्चालनमा ल्याउन आग्रह

**हुम्ला ।**
हुम्लाको सदरमुकाम सिमकोट बुधवार बिहानैदेखि सुनसान देखिएको छ । सोमबार र मङ्गलबार मुलुकको राजधानी काठमाडौँसहित देशभर जेनजीद्वारा गरिएको प्रदर्शनका कारण मानवीय तथा भौतिक संरचनामा क्षति भएपछि यहाँका होटल, व्यवसायहरू बिहानैदेखि बन्द भएका हुन् । सदरमुकाममा रहेका होटल, विभिन्न खाद्यान्नका पसललगायत व्यवसायीले आफ्नो सुरक्षालाई मध्यनजर गर्दै व्यवसाय बन्द गरेका हुन् ।
बालमन्दिर चोकमा सुनचाँदी पसल सञ्चालन गर्दै आएका लोकेन्द्र सुनारले भने, 'देश आन्दोलनले शिथिल भएको छ, यहाँ पनि त्यस्ता घटना नघटुन् भनेर हामीले पसलहरू बन्द गरेका हौँ । देशैभर नेपाली सेना सुरक्षामा तैनाथ छ, हुम्लामा पनि सुरक्षाकर्मी बिहानैदेखि विभिन्न चोकहरूमा छन् । तर पनि आन्दोलनको भर नहुने भएकाले पसलहरू बन्द गरिएका हो ।'
व्यवसाय सञ्चालनमा ल्याउन उद्योग वाणिज्य सङ्घको विज्ञप्ति
यसैबीच, हुम्ला उद्योग वाणिज्य सङ्घले आज एक विज्ञप्ति जारी गर्दै होटल, पसल तथा व्यवसाय नियमित रूपमा सञ्चालनमा ल्याउन व्यवसायीलाई आग्रह गरेको छ । मुलुकको विषम परिस्थितिलाई मध्यनजर गरी सुशासित, विवेकशील र संयमित भएर सौहार्दपूर्ण वातावरणमा आफ्नो व्यवसाय उद्योग सञ्चालन गर्न हुन सम्पूर्ण उद्योगीहरूलाई सङ्घका अध्यक्ष रामबहादुर भण्डारीले आग्रह गरे । केही दिनयतादेखि काठमाडौँसहित देशका विभिन्न सहरहरुमा घटेको घटनाप्रति गम्भीरता र दुःख व्यक्त गर्दै उक्त घटनाले राष्ट्रलाई स्तब्ध बनाउनुका साथै ठूलोमात्रामा जनधनको क्षति पुर्याएको विज्ञप्तिमा उल्लेख गरिएको छ । जेनजीको प्रदर्शनका क्रममा दिवङ्गत भएकाहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामनासमेत गरिएको छ ।

- **तीनवटै सुरक्षाकर्मीको बजारगस्ती बाक्लियो**

जिल्ला सदरमुकाम सिमकोटमा आज बिहानैदेखि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलको सुरक्षा गस्ती बाक्लिएको छ । रानीवन ब्यारेकमा बस्दै आएको नेपाली सेनाले नागरिकलाई शान्ति, सुरक्षाको प्रत्याभूति दिने उद्देश्यले बिहानदेखि बजार गस्तीमा निस्किएको हो ।
सदरमुकामका विभिन्न चोकहरुमा तीनवटै सुरक्षा निकायका प्रतिनिधिले नागरिकलाई सुरक्षा दिइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शङ्कर पोखरेलले बताए । बजार क्षेत्रमा अवाञ्छित गतिविधि नहोस् भनेर सुरक्षा व्यवस्था बाक्लो बनाइएको उनले बताए ।

- **विद्यालयसहित गाउँपालिका कार्यालय बन्द**

सदरमुकामस्थित सिमकोट गाउँपालिकाले जेनजी प्रदर्शनका क्रममा ज्यान गुमाउनेहरूप्रति सहानुभूति प्रकट गर्दै आफ्ना मातहतमा रहेका सरकारी तथा निजी विद्यालय, प्रत्येक वडा र गाउँपालिका कार्यालयमा शोक बनाउने भन्दै बिदा दिइएको गाउँपालिका अध्यक्ष विजय भण्डारीले बताए । यस्तै अन्य सरकारी तथा गैरसरकारी कार्यालयसमेत आज बन्द छन् । साथै चङ्खेली गाउँपालिकाले पनि आज शोक बिदा दिएको छ । रासस

# सुन्तला बगैँचा स्थापना तथा सुदृढीकरण कार्यक्रम



**तनहुँ ।**
जिल्लामा सात हजार ९२५ रोपनी क्षेत्रफलमा लगाइएको सुन्तला जात फलफूलका नयाँ बगैँचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम सुरु गरिएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रले आव २०१/२ मा सुन्तला जातका फलफूल बगैँचा स्थापना तथा विस्तारअन्तर्गत उक्त कार्यक्रम गरेको हो ।
कार्यक्रमबाट कृषक परिवार र रोजगारीमा आबद्ध गरी छ सय बढी स्थानीय प्रत्यक्ष लाभान्वित भएका कृषि प्रसार अधिकृत दिनकरमणि आचार्यले जानकारी दिए । उनका अनुसार ४३ रोपनी क्षेत्रफलमा सुन्तला जात फलफूलको नयाँ बगैँचा स्थापना गरिएको छ । यसबाट २७ कृषकका परिवार लाभान्वित भएका छन् भने छ जनाले रोजगारी पाएका छन् ।
बगैँचा व्यवस्थापन तथा सुदृढीकरणका लागि नौ लाख ७५ हजार ५९० किलो गोठेमल, ५० हजार ७ किलो पिना, दुई हजार ३०९ किलो चुना, एक हजार ५४५ किलो निलो तुथो, ४० किलो रेडिमेट बोर्डो मिश्रण र दुई रोल मल्चिङ प्लाष्टिक करिब २० रोपनी क्षेत्रफलमा रहेका 'ग्रिनिङ रोग'का बिरुवा हटाई पुनः रोपण कार्यक्रम सञ्चालन भएको कृषि प्रसार अधिकृत आचार्यले जानकारी दिए । उनले भने, 'तीन सय रोपनी कलमी बिरुवा रोपण कार्य सम्पन्न भइसकेको छ ।'
सुन्तला जात फलफूलका नयाँ बगैँचा व्यवस्थापन तथा विस्तार कार्यक्रमका लागि ९९ लाख रुपैयाँ बजेट विनियोजन भएको सो कार्यालयले जनाएको छ । आव २००/१ मा एक हजार ६५७ हेक्टर क्षेत्रफलमा सुन्तला बाली उत्पादन हुँदै आएकामा आव २०१/२ मा वृद्धि भई एक हजार ६७० हेक्टर क्षेत्रफल पुगेको छ ।
जिल्लामा विभिन्न कार्यक्रममार्फत दुई सय ६१ रोपनी क्षेत्रफलमा विस्तार गरी पाँच हजार ५२२ बिरुवा लगाइएको कार्यालय प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए । उनका अनुसार गत वर्ष ४२ करोड ५० लाख रुपैयाँ मूल्यको सुन्तला बिक्री भएको थियो । रासस

# झापाको जनजीवन सामान्य बन्दै

**सुरुङ्गा ।**
नेपाली सेनासहितको सुरक्षा फौज शान्ति सुरक्षा कायम गराउन मङ्गलबार रातिदेखि परिचालित भएपछि यहाँको जनजीवन बुधवारदेखि सामान्य बन्दै गएको छ ।
अरिदमन गण चारआलीबाट खटिएको नेपाली सेनाको सुरक्षा फौजले सुरक्षा गस्ती बढाएसँगै झापाको जनजीवन सामान्य बन्दै गएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए । उनका अनुसार बुधवार बिहानैदेखि नेपाली सेनाले सडकमा निस्किएर अत्यावश्यक कामबाहेक सर्वसाधारणलाई घर बाहिर ननिस्कन 'माइकिङ' गर्दै सुरक्षा गस्ती बढाएको हो ।
सदरमुकाम चन्द्रगढीसहित जिल्लाका मुख्यमुख्य ठाउँमा नेपाली सेनाको सुरक्षा गस्तीले माइकिङ गर्दै बिनाकारण हिँड्डुल गर्नेलाई घर फर्काइरहेको प्रजिअ अधिकारीले बताए । आकस्मिक सेवामा संलग्नहरूलाई भने सोधपुछ र परिचयपत्रका आधारमा आवतजावत गर्न छुट दिइएको उनले जानकारी दिए । मङ्गलबार प्रदर्शनकारीले झापाका एक दर्जन बढी सरकारी कार्यालय, राजनीतिक दलका पार्टी कार्यालयसहित राजनीतिक नेतृत्वका घरमा तोडफोड र आगजनी गरेपछि तनावग्रस्त बनेको यहाँको जनजीवन नेपाली सेनाले सुरक्षा गस्ती बढाएसँगै बन्दै गएको हो । रासस

# पर्यटकलाई आवागमनमा सहजीकरण गर्न होटल सङ्घको आह्वान

**काठमाडौँ ।**
होटल सङ्घ नेपालले पर्यटकलाई आवागमन सहजीकरण गर्न आह्वान गरेको छ । सङ्घले बुधवार एक विज्ञप्ति जारी गर्दै पर्यटकको आवागमनलाई सहजीकरण गर्दै पर्यटनमैत्री वातावरण सृजना गर्न माग गरेको हो ।
'विद्यमान विषम परिस्थितिबाट देशभर निषेधाज्ञा जारी भएको र विमानस्थल बन्द भई पर्यटक यात्रुहरूको भ्रमण अनिश्चित भएको हुँदा प्राथमिकताका साथ यथाशक्य छिटो व्यवस्थापन गर्नु देशको छवि र पर्यटनको भविष्यसँग प्रत्यक्ष जोडिएको विषय रहेको हुँदा सम्बन्धित सबैबाट यथोचित पहल हुन होटल सङ्घ नेपालले आह्वान गरेको छ', विज्ञप्तिमा भनिएको छ । वर्तमान परिस्थितिबाट प्रभावित देशका विभिन्न भागमा रहेका पर्यटकको उपयुक्त व्यवस्थापन एवं सहजीकरण गर्न होटल सङ्घ नेपालले नेपाल पर्यटन बोर्ड तथा नेपाली सेनाको सहकार्य र संयोजनमा कार्य गर्दै आएको सङ्घले उल्लेख गरेको छ । अलपत्र परेका पर्यटकलाई होटल आवास आवश्यकता भए होटल सङ्घ नेपालको हटलाइन सम्पर्क नम्बर ९८५१०३१४९५ मा सम्पर्क गर्न पनि अनुरोध गरिएको छ ।
सङ्घले आसन्न चाडपर्व र पर्यटकीय यामको प्रारम्भ हुने समयमा सिर्जित नयाँ परिवर्तन र सङ्क्रमणकालमा नेपालमा रहेका तथा आउने पर्यटकको उचित व्यवस्थापनमा होटललगायत आतिथ्य क्षेत्र सदाझैँ क्रियाशील रहेको जनाएको छ । यस कार्यमा सम्बद्ध सबै पक्षबाट आवश्यक प्राथमिकता र पहल भएको खण्डमा नेपाल आउने पर्यटकबाट हुन थालेको अत्यधिक एवं अप्रत्यासित 'क्यान्सिलेसन' केही हदसम्म रोक्न मद्दत पुग्ने देखिएको पनि विज्ञप्तिमा उल्लेख छ । होटललगायतका निजी तथा सार्वजनिक सम्पत्तिमा भएका आगजनी देशकै सम्पत्तिको विनास हो र भोलि पनि आवश्यक पर्ने यस्ता महत्त्वपूर्ण संरचना निर्माणमा देशकै सीमित साधन तथा स्रोत खर्चिनुपर्ने हुँदा थप विनास हुन नदिन सबैमा होटल सङ्घले अपिल गरेको छ । सङ्घले परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने महान् युवाको आत्माको चीर शान्तिको प्रार्थना गर्दै घाइतेको स्तरीय स्वास्थ्योपचार र शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । रासस


## ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा.लि.
## Institute of Health Research Development Pvt. Ltd.
जनकपुरधाम-४, धनुषा
Janakpurdham-4, Dhanusha
सम्पर्क नं.: 041-422679, 9807678737, 98446073300

**डिप्लोमा/ प्रमाण पत्र तह सामान्य चिकित्सा (H.A.) कार्यक्रमको पूर्ण शुल्कीयतर्फ रिक्त सिटहरुमा छनोटका लागि निवेदन दिने सम्बन्धी**

## अत्यन्त जरुरी सुचना ।
*सुचना प्रकाशित मिति २०८२/०५/२५ गते*

प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद्, परिक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मितिः २०८२/०४/०५ गते प्रकाशित सूचना अनुसार मिति २०८२/०५/२३ गते सम्म यस शिक्षालयमा पूर्ण शुल्कीय तर्फ सामान्य चिकित्सा कार्यक्रममा CTEVT मधेश प्रदेश कार्यालयले मुख्य उम्मेदवारका रुपमा छनौट गरी भर्ना सिफारिश गरिएका उम्मेवारहरु मध्ये तपशिल कार्यक्रममा मुख्य उम्मेवारहरु भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा सम्बन्धित कार्यक्रमहरुको वैकल्पिक योग्यताक्रम सूचीमा रहेका उम्मेवारहरुले पहिलो प्राथमिकता पाउने गरी देशभरिका योग्यताक्रम सूचीमा रहेका उम्मेवारहरुवाट यो सूचना प्रकाशन भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा रितपुर्वक निवेदन दिनु हुन अनुरोध छ । साथै योग्यताक्रम सूचीमा रहेका उम्मेध्दारहरुबाट डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ को दफा १९ बमोजिम छनौट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यक्रम | रिक्त वर्ग/ कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १. | सामान्य चिकित्सा (H.A.) | पूर्ण शुल्किय खुल्ला | ३५ |

- शिक्षालय प्रमुख

# मधेश प्रदेशका तीन कारागारबाट ९८३ कैदी फरार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सप्तरी, महोत्तरी र रौतहटका तीनवटा कारागारमा व्यापक तोडफोड र आगजनी हुँदा ९८३ कैदी फरार भएका छन् । ठूलो संख्यामा कैदी फरार भएपछि स्थानीय बासिन्दामा भयत्रास फैलिएको छ भने सीमावर्ती क्षेत्रमा सुरक्षा कडा पारिएको छ । सप्तरीको राजविराज कारागारबाट मंगलबार दिउँसो करिब १ बजे २०५ जना कैदी फरार भएका थिए ।



प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलका अनुसार भागेकामध्ये ३१ जनालाई पुनः नियन्त्रणमा लिइएको छ भने बाँकी भारततर्फ भागेको आशंका गरिएको छ । फरार कैदीहरूले प्रहरी आगलागी निभाउन खटिएको मौका सदुपयोग गरेर भागेका थिए । महोत्तरीको जलेश्वर कारागारमा मंगलबार साँझ ५७६ जना कैदी फरार भएका थिए । मधेश आन्दोलनको क्रममा सशस्त्र प्रहरी सई थमन विक हत्या प्रकरणमा रहेका ६ कैदीलाई आन्दोलनकारीले छुटाउन खोज्दा परिस्थिति नियन्त्रणबाहिर गएपछि सम्पूर्ण कैदी फरार भएको प्रशासनले जनाएको छ । रौतहटको गौर कारागारमा २९१ कैदीमध्ये २६७ जना फरार भएका थिए । यसमा ३४ जनालाई नियन्त्रणमा फर्काइएको भए पनि अझै २३३ जना फरार रहेको जनाइएको छ । सर्लाहीको मलंगवा कारागारमा विवादित धर्मगुरु रामबहादुर बम्जन रहेका कारण ठूलो भिड जम्मा भएको थियो । उनका समर्थकहरूले आगजनी गरेर भाग्न खोजेपनि प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको संयुक्त टोलीले नियन्त्रणमा लिन सफल भएको थियो । सो क्रममा कयौं राउण्ड हवाई फायर र अश्रुग्यास प्रयोग गरिएको थियो । वीरगंज कारागारमा पनि कैदी फरार हुने प्रयास भएको थियो । तर, नेपाली सेनाले गोली चलाएर फरार हुनबाट रोकेको प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले बताए । अहिले वीरगंजमा अवस्था सामान्य भए पनि तनाव कायमै रहेको छ । फरार कैदीहरू मध्ये धेरैजना खुला सीमा प्रयोग गरेर भारततर्फ भागेको आशंका गरिएको छ । यसका लागि सीमावर्ती क्षेत्रमा सुरक्षा बल परिचालन गरिएको छ । सिरहा कारागार भने अहिलेसम्म शान्त रहेको प्रशासनले जनाएको छ । ठूलो संख्यामा कैदी फरार भएपछि स्थानीय बासिन्दामा भयत्रास बढेको छ । प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले संयुक्त रूपमा फरार कैदीको खोजी अभियान तीव्र पारेका छन् । प्रशासनले आम नागरिकलाई होसियारी अपनाउन र शंकास्पद गतिविधि देखे तुरुन्त सूचना दिन आग्रह गरेको छ ।

# जनकपुरधामका विद्यालय–कलेज अनिश्चितकालीन बन्द

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'जेनजी' आन्दोलनका क्रममा शहादत प्राप्त विद्यार्थीप्रति श्रद्धाञ्जली अर्पण गर्दै जनकपुरधामभित्रका सम्पूर्ण विद्यालय तथा कलेजहरू अनिश्चितकालीन रूपमा बन्द गरिने भएका छन् । यो निर्णय निजी विद्यालयहरुको छाता संगठन प्याब्सन जनकपुरधाम र नेशनल प्याब्सन जनकपुरधामले संयुक्तरूपमा बुधबार जारी गरेको विज्ञप्तिमार्फत सार्वजनिक गरिएको हो । विज्ञप्तिमा हालको परिस्थिति र सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै पठनपाठन अर्को सूचना नआएसम्म स्थगित गरिएको उल्लेख छ । विज्ञप्तिमा भनिएको छ, 'आन्दोलनका क्रममा शहादत प्राप्त विद्यार्थीहरूप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं । शोकाकुल परिवारप्रति गहिरो संवेदना व्यक्त गर्दै हालको असुरक्षित अवस्थालाई मध्यनजर गर्दै विद्यालय तथा कलेजहरूको पठनपाठन अर्को सूचना नआएसम्म स्थगित गरिएको जानकारी गराउन चाहन्छौं ।' प्याब्सन जनकपुरधामका अध्यक्ष रवीन्द्र कुमार चौधरी र नेशनल प्याब्सन जनकपुरधामका अध्यक्ष दिपक कुमार ठाकुरले संयुक्तरूपमा हस्ताक्षर गरेको विज्ञप्तिमा सडकमा भइरहेको प्रदर्शन, सुरक्षाकर्मी र आन्दोलनकारीबीच भइरहेका झडप तथा त्यसबाट उत्पन्न असुरक्षित वातावरणका कारण विद्यार्थी र अभिभावकहरू त्रसित भएको उल्लेख गरिएको छ । शैक्षिक संस्थाहरूले सबै पक्षसँग शान्ति, स्थायित्व र वार्तामार्फत समस्या समाधान गर्न अपिल गरेका छन् । विज्ञप्तिमा यस क्रममा शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई ज्यान तथा सम्पत्तिको सुरक्षा र हालको असुरक्षित परिस्थितिबाट बच्न सचेत रहन सुझाव दिइएको छ ।

# संजय साहको घरमा राजनीतिक चहलपहल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बम काण्डमा दोषी ठहर भई जेल सजाय भोगिरहेका संजय साहको जनकपुरधामस्थित घरमा हाल राजनीतिक चहलपहल बढेको छ । जेलबाट निस्किएका साहलाई भेट्न र बधाई दिन उनका शुभचिन्तक र स्थानीय नागरिकहरू घरमै पुगेका छन् ।
संजय साह हाल कुनै राजनीतिक पार्टीमा आबद्ध नभए पनि जनकपुरमा उनका लागि सम्मानको वातावरण बनेको छ । उनले आफू जेलबाट निस्कन नचाहेको बताउँदै भनेका छन्, 'मेरो जेल भुक्तानीको समय पूरा हुन लागेको थियो । २–४ महिनाभित्र म निस्कने थिएँ, मलाई कुनै हतार थिएन । तर, युवाहरूले जबर्जस्ती निकालेका हुन् ।' संजय साहले आफ्नो जेलबाट भागेर नआएको दाबी गर्दै थपे, 'यदि सरकारले मलाई फेरि जेल फर्किन भनेको खण्डमा म तयार छु । म जेलबाट भागेको होइन, जेन्सीका युवा र प्रशासनको अनुरोध अनुसार आएको हुँ ।' संजय साहले आफू राजनीति प्राणी भए पनि अहिले तत्काल राजनीतिमा नअन्तर्न आउने स्पष्ट पारेका छन् । उनले भने, 'मैले राजनीति गर्नेछु । तर, अहिले होइन । साथीभाइसँग सल्लाह गरेर मात्रै राजनीतिक कदम चाल्ने छु । यदि राजनीतिमा आउँछु भने सेवाभावका लागि मात्र आउँछु ।'

# सर्लाहीमा निषेधाज्ञा जारी

**सर्लाही ।**
जिल्ला कारागार सर्लाहीका कैदीबन्दीले कारागार भवनको माथिल्लो तल्ला भागमा आगजानी गर्ने प्रयास गरेका छन् । बुधबार बिहान एक्कासी कैदी बन्दीले कारागार तोडेर भाग्ने प्रयास गर्नेक्रममा आगजानी गरेका हुन् । कैदीबन्दीहरुले कारागारको माथिल्लो तल्लामा आगजनी गरेर भाग्ने प्रयास गरेपछि तीनवटै सुरक्षा निकायले नियन्त्रणमा लिएका छन् । नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले चारै तिरबाट कारागार घेरा हालेका छन् ।



सुरक्षाकर्मीको बलियो घेरामा कारागार भवन रहेका कारागारका प्रमुख बिशाल चौधरीले जानकारी दिए । कैदीबन्दी बिहान केहीबेर तोडफोड प्रयास गरेपछि कारागार परिसरको अवस्था तनावग्रस्त बनेको उनले जानकारी दिए । 'बिहान अवस्था तनावग्रस्त बनेको थियो,' कारागार प्रमुख चौधरीले भने, 'तत्काल नेपाली सेना, कारागार सुरक्षाकर्मी समेतले घेरा हालेपछि अवस्था नियन्त्रमा आउने क्रममा छ ।' कैदी बन्दीले लगाएको आगो पनि बारुण यन्त्रको सहायतामा नियन्त्रणमा लिने प्रयास भइहेको जनाइएको छ । १६० जना पुरुष र ५० जना महिला गरी २१० जना क्षमताको यस कारागारमा महिला र पुरुष गरी ३९८ जना थुनामा छन् । यस्तै जिल्ला प्रशासन कार्यालयले अर्को सूचना नभएसम्म बिहान ८:३० बजेबाट सर्लाहीमा निषेधाज्ञा आदेश जारी गरेको छ । ठाउँठाउँमा पालिका कार्यालयमा तोडफोड र आगजनी भएपछि सुरक्षा चुनौतीलाई ध्यानमा राखेर निषेधाज्ञा आदेश जारी गरिएको प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले जानकारी दिए । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले जारी गरेको आदेशमा पूर्वमा महोत्तरी जिल्ला, पश्चिममा रौतहट जिल्ला, उत्तरमा सिन्धुली जिल्ला र दक्षिणमा भारतको सिमानासम्म चार किल्लाभित्र आवतजावत, सभा, जुलुस, कुनै पनि किसिमको भेला, बैठक गर्न निषेध गरेको उल्लेख छ ।
यस चार किल्लाभित्र नेपाली सेनासहितको सुरक्षाकर्मी परिचालन भएकोले घरमै सुरक्षित रहन भनिएको छ । निषेधाज्ञा अवधिमा पनि अत्यआवश्यक सेवाका एम्बुलेन्स, दमकल, शव बाहन, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, मानवअधिकारकर्मी कुटनीतिक नियोगको सवारी संचालनमा भने सहजीकरण गरिने उल्लेख छ । रासस

# जसपाका प्रदेश अध्यक्ष यादव पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
जसपाका मधेशका प्रदेश अध्यक्ष अशोक यादवलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीको टोलीले उनलाई बुधबार दिउँसो मलङ्गवाको शिवसागर चोकबाट नियन्त्रणमा लिइएको हो । प्रहरीका अनुसार यादवमाथि प्रहरी उपरीक्षकलाई गाली गरेको तथा अपराधिक उपद्र र राज्यविरुद्धको अपराधमा संलग्न भएको आरोप छ । सोही आधारमा उनलाई पक्राउ गरिएको हो । प्रहरी उपरीक्षकसँग भएको गालिगलौजको अडियो केही दिन अघि सामाजिक सञ्जालमा भाइरल बनेको थियो ।

# पर्सा जिल्ला अदालतका सम्पूर्ण सेवा स्थगित

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्ला अदालतले बुधबारदेखि अदालतको सम्पूर्ण सेवाहरू स्थगित गरेको छ । जिल्ला प्रशासन कार्यालय पर्सा र नेपाली सेनाले वीरगंजमा लगाएको कफ्र्यूका कारण उत्पन्न असहज परिस्थितिलाई मध्यनजर गर्दै अदालतले यस्तो निर्णय लिएको हो । अदालतद्वारा जारी सूचना अनुसार कफ्र्यूले गर्दा सेवाग्राही र कानुन व्यवसायीहरूलाई अदालतमा आउन–जान समस्या भएको छ । यसैले, अर्को सूचना जारी नभएसम्म नियमित र पूरक पेसी तोकिएका मुद्दाहरूको सुनुवाइ नगरिने अदालतले जनाएको छ । यद्यपि, यस अवधिमा परेका तारेखहरू भने नगुज्रने अदालतले स्पष्ट पारेको छ । पर्सा जिल्ला अदालतको प्रशासन शाखाले एक सूचनामार्फत यो जानकारी सम्बन्धित सबैलाई गराएको छ ।

# कार्कीलाई बालेनको समर्थन

**मधेशदृष्टि**
**काठमाडौं ।**
आगामी सरकारको नेतृत्वमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अघि बढाउन काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) साहले समर्थन जनाएका छन् । यसअघि जेनजी प्रतिनिधिहरूले कार्कीको नाम प्रधानसेनापति अशोक सिग्देलसमक्ष नयाँ नेतृत्वका लागि प्रस्ताव गरेका थिए । त्यसमा मेयर बालेनले पनि समर्थन जनाएका हुन् । जेनजीका प्रतिनिधिहरूले संवेदनशील समयमा देशमा





विकासशील घटनाक्रमको नेतृत्व गर्नका लागि कानून र विधिको रक्षा गर्नसक्ने इमान्दार व्यक्तिको आवश्यकता रहेकोले कार्कीको नाम प्रस्ताव गरिएको जनाएको छ । बुधबार जेनजी प्रतिनिधिहरूले पूर्वप्रधानन्यायाधीश कार्कीको नाम औपचारिक रूपमा प्रस्ताव गरेका थिए । तर, जंगीअड्डा बाहिर केही युवाहरूले यसविरुद्ध नाराबाजी गरिरहेका थिए । कतिपयले काठमाडौं महानगरपालिकाका मेयर बालेन साहसहितका अन्य व्यक्तिहरूको नाम समेत छलफलमा ल्याएका थिए । जेनजी युवाहरूले सामाजिक सञ्जाल डिस्कर्डमार्फत पनि नेतृत्वका लागि प्रस्ताव र मतदाताको विचार आदान–प्रदान गरेका थिए । यस क्रममा कार्कीको पक्षमा बलियो समर्थन देखा परेको थियो । धेरै युवाले मेयर बालेन साहको नाम पनि प्रस्ताव गरेका थिए । तर, उनीसँग सम्पर्क नभएको भन्दै केहीले असन्तुष्टि व्यक्त गरेका थिए । मंगलबार बेलुकी बालेनले स्टाटस लेख्दै जेनजीलाई सेना प्रमुखसँग वार्ताका लागि तयार रहन सुझाव दिएका थिए । बुधबार जेनजी प्रतिनिधि वार्ताका लागि जंगीअड्डा पुगेका थिए । तर, १५ जनाभन्दा बढी पुगेका कारण प्रधानसेनापति अशोक सिग्देलले आपसमा सहमति गरेर आउनुपर्ने निर्देशन दिएका थिए । त्यसपछि जंगीअड्डाकै एउटा कोठामा बैठक भएको थियो । बैठकमा कतिपयले गणतान्त्रिक व्यवस्थाविरुद्ध प्रस्ताव राखेका कारण रक्षा समूह केहीबेर बाहिरिएको थियो ।

# आन्दोलन चर्किएपछि प्रेसर हाइ

**मधेशदृष्टि**
**वीरगंज ।**
भदौ ४ गते मात्रै पर्सामा सरुवा भएर आएका सहसचिव तोयनारायण सुवेदीलाई जेनजीको आन्दोलन चर्किएपछि प्रेसर हाइ भएर उपचार गर्नु परेको छ । उनलाई बुधबार साँझ घण्टाघरस्थित सेनाको ब्यारेकमा रातभर उपचार गर्नु परेको थियो । 'आन्दोलन नियन्त्रणबाहिर गएपछि उनको स्वास्थ्य प्रतिकुल बनेको थियो ।
रातभर उनलाई ब्यारेकमा उपचार गरिएको छ । उच्च स्रोतका अनुसार आन्दोलन चर्किएकै कारण उनको प्रेसर बढेको हो । देश अशान्त हुँदै पर्सामा समेत आन्दोलन चर्किएपछि स्थिति नियन्त्रणमा लिनु पर्ने जिल्ला कमाण्डर नै ब्यारेकमा उपचार गर्नु पर्ने अवस्थामा पुगेका हुन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन